# मिति २०८२।१०।१३ गतेको छैठौं कार्यपालिका बैठकको मुख्य निर्णयहरु

१. उप-प्रमुख उद्यमी तथा स्वरोजगारी सिर्जना कार्यक्रमका लागि पेश भएका प्रस्तावहरुको छनौट सम्बन्धमा १ हप्ताको म्याद दिई प्रस्ताव आव्हानका लागि पुन सूचना प्रकाशन गर्ने ।

२. धोबिधारा नारायणस्थान स्थित कार्किपार्कको संचालनका लागि पेश भएको निवेदन माग सम्बन्धमा वडा नं ६ र ८ का वडाध्यक्षहरुले सो पार्कमा सुरक्षित रुपमा संचालन गर्न सकिने कृयाकलापहरुको यकिन गरि के कुन शर्त र दरमा उक्त पार्क संचालनका लागि अनुमति दिन सकिने हो भन्ने सम्वन्धमा सिफारिस सहितको प्रतिवेदन एक हप्ता भित्रमा पेश गर्ने र सो का लागि योजना शाखाले सहजीकरण गर्ने ।

३. त्रिकन्या सेतीदेवी मन्दिर, इ.न.पा. ८ मिति २०८२।०६।१८ र १९ गतेको विपद्बाट क्षति भई आर्थिक सहयोग माग भएको सम्बन्धमा आगामी बजेटमा यथासम्भव संबोधन गर्ने निर्णय गरियो ।

४. इलाम नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र छानविन समितिको मिति २०८२।०९।२५ र मिति २०८२।१०।१२ को निर्णय सहितको सिफारिस बमोजिम "घ" वर्गको नयाँ निर्माण व्यवसायीको इजाजत पत्र देहायका निवेदकलाई उपलब्ध गराउने निर्णय गरियो ।

देहाय

क. श्री शिवालिक इन्फ्रा डेभलपर्स, इ.न.पा.-०१, इलाम, प्रो. विशन बस्तेत सहित, इ.न.पा.-०१, इलाम

ख. श्री श्रीकण्ठ निर्माण सेवा, इ.न.पा.-०८, इलाम, प्रो. दिकेन्द्र खत्री समेत, इ.न.पा.-०८, इलाम

५. इलाम नगरपालिकामा आ.व. २०८२।८३ मा संचालन भई विविध कारणवश तोकिएको अवधिमा निमाण कार्य सम्पन्न हुन नसकेका निम्न योजनाहरुको ठेक्का म्याद थप गर्ने निर्णय गरियो ।

देहाय

क. फुटपाथ निर्माण, इ.न.पा. ७

ख. फुटपाथ निर्माण फेज-२, इ.न.पा. ७

६. इलाम नगरपालकि क्षेत्र भित्र संचालनमा रहेका अटोको व्यवस्थापनका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

देहाय

क. नगरपालिकामा दर्ता भएका मध्ये बजार क्षेत्रमा संचालन गरिएका अटोको विवरण अपडेट गर्ने

ख. नगरपालिकामा दर्ता भएकालाइ मात्र पार्किङ स्टिकर र पार्किङ स्थल उपलब्ध गराउने र नियमानुसार पार्किङ शुल्क उठाउने ।

ग. पहिले दर्ता भएकालाई प्राथमिकता दिइ पार्किङ स्थल उपलब्ध गराउने ।

घ. पार्किङ स्थलमा नअटाउने संख्याका टेम्पोहरु मध्ये सबै भन्दा पछि दर्ता हुन आउने टेम्पोहरुलाइ बजार क्षेत्रमा पीक एण्ड ड्रप गर्न पाउने गरि मात्र प्रवेश गर्न दिने ।

ङ. दर्ता हुन बाँकी टेम्पोहरुको दर्ताका लागि ३५ दिनको म्याद दिइ सूचना प्रकाशन गर्ने ।

७. सिटिमार्टमा रहेका व्यवसायीहरुको गुनासोको सुनुवाइ गर्न तपशिल बमोजिमका पदाधिकारीहरु रहने गरि समिति गठन गर्ने तथा उक्त समितिले प्रचलित कानुन बमोजिम गुनासो सम्बोधनका लागि गर्नु पर्ने कार्यहरुका सम्बन्धमा ७ दिन भित्रमा सिफारिस गर्ने।

तपशिल

वडाध्यक्ष नरेश श्रेष्ठ - अध्यक्ष

योजना अधिकृत बबुल भक्तराज - सदस्य

राजस्व शाखा प्रमुख — सदस्य सचिव

८. इलाम नगरपालिका क्षेत्रभित्र रहेका सबै धार्मिक संस्थाहरु र विद्यालयहरुसंग अक्षयकोषको अवस्था बारे बिस्तृत आर्थिक विवरण माग गर्ने ।

९. अमर मा.वि. नमूना विद्यालय विकास कार्यक्रमको लागि उक्त विद्यालयबाट पेश भएको बमोजिमको योजना स्वीकृत गर्ने निर्णय गरियो ।

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश, इलाम, नेपाल २०७३

... कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## मिति २०८२।१०।१३ गतेको छैठौं कार्यपालिका बैठकको मुख्य निर्णयहरु

१०.आदर्श मा.वि.को विज्ञान विषय प्रवर्द्धन कार्यक्रम अन्तर्गत पेश भए बमोजिमको कार्यक्रम स्वीकृत गरि रकम निकाशा गर्ने ।

११.नगरसँगको साझेदारीमा विद्यालय मर्मत कार्यक्रम सम्बन्धमा बजेट कटौती नगर्ने वडाहरुबाट छनौट भएका बिद्यालयहरुको मर्मत संभार कार्य अघि बढाउन पूर्वाधार विकास शाखालाइ निर्देशन दिने ।

१२. संघीय सशर्त अनुदान अन्तर्गत निर्मित गुरुयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक पूर्वाधार निर्माण अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धमा देहायका विद्यालयहरु छनौट गर्ने निर्णय गरियो ।

देहाय

क. बालमण्डल मा.वि., इ.न.पा. ४

ख. शारदा मा.वि., इ.न.पा. ३

१३. संघीय सशर्त अनुदान अन्तर्गत विद्यालयमा भर्चुअल शिक्षण, इ-लर्निङ्ग, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामाग्री तथा उपकरण व्यवस्थापन र संचालन कार्यक्रम नेपालटार मा.वि., इ.न.पा. १ र वालकन्या मा.वि., इ.न.पा. ११ मा संचालन गर्ने निर्णय गरियो ।

१४.नगर स्तरीय समितिहरुबाट पेश भएका देहाय बमोजिमका कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो।

देहाय

क. नगर खेलकुद विकास समितिबाट पेश भएको तपशिल बमोजिमको कार्यक्रम स्वीकृत गर्ने ।

तपशिल

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १. | ब्याडमिन्टन प्रतियोगिता | २५००००।— | |
| २. | टेवल टेनिस प्रतियोगिंता | १५००००।— | |

ख. नगर स्तरिय दलित समन्वय समितिबाट पेश भएको प्रस्तावलाई संशोधन सहित स्वीकृत गर्ने ।

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १. | छुवाछुत उन्मुलन दिवस | ५००००।— | |
| २. | उद्यमशीलता तालिम तथा आधुनिक भाटी तथा सिलाइ मेसिन उपकरण वितरण | ३५००००।— | |

इलाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, इलाम, नेपाल
२०७३

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

CamScanner